"हामी पौवादुङमाली,मानव विकास पूर्वाधारले ल्याउँ छौं खुसीयाली"

पौवादुङमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या:- ०८१/०८२
चलानी नं. :-

नेपाल सरकार
पौवादुङमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

ने.स. ११४४

## संविधान दिवस तथा राष्ट्रिय दिवस -२०८१ को शुभकामना ।

नेपाली जनताको लामो संघर्ष र बलिदानका साथ संविधानसभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको यस ऐतिहासिक दिन तथा राष्ट्रिय दिवसको शुभ अवसरमा देशभित्र र देश बाहिर रहनु भएका सम्पूर्ण नेपाली आमा बुबा ,दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै यस अवसरमा मुलुकमा विभिन्न कालखण्डमा राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, शान्ति र लोकतन्त्रको खातिर आन्दोलन तथा संघर्षको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै लोकतन्त्र विधिको शासन प्रणाली स्थापना गर्नको लागि आन्दोलनको अगुवाई गर्नुहुने सम्पूर्ण योध्दाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाली जनताको अमूल्य योगदानसंगै जनताको प्रतिनिधित्व सहितको विश्वकै उत्कृष्ट संविधान हामीले पाएकोमा हामी गौरवान्वित भएका छौं। यहि संविधान मार्फत सामन्ती निरंकुश केन्द्रीकृत राज्य व्यवस्थाको अन्त्य गर्दै सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य भई सबै नेपाली नागरिकहरुलाई बृहत राष्ट्रिय एकताको सुत्रमा बाँधेको छ । यहि संविधानको जगमा टेकेर राष्ट्रिय एकताको सुदृढीकरण गरी शान्ति, समुन्नत र समृद्ध नेपाल बनाउने कार्यमा सधै अगाडी बढ्न म सम्पूर्ण राजनैतिक दल, संघसंस्था तथा आम जनसमुदायलाई हार्दिक आव्हान गर्दछु ।

अन्तमा, संघीय गणतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न साथै संविधानमा व्यवस्था भएका स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमान जस्ता विषयहरुको कार्यान्वयन गर्न सबैले आ-आफ्नो ठाँउबाट लागि पर्न साथै यस संविधानलाई सबैले अपनत्व लिई हर्षोल्लासका साथ मनाउन र दिपावली गर्न समेत अपिल गर्दछु ।संविधानको कार्यान्वयन संगै आम नागरिकको हित र मुलुकको समृद्धि हाँसिल गर्न सकौ भनी संविधान दिवस तथा राष्ट्रिय दिवस - २०८१ को उपलक्ष्यमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

०३ आश्विन २०८१

.............................
किरण राई
अध्यक्ष
पौवादुङमा गाउँपालिका

किरण राई
अध्यक्ष